नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-६२३ दायर मितिः-२०८१/०३/१८**

**फैसला मितिः-२०८१/०३/१९**

| वादी | प्रतिवादी |
|---|---|
| **फिरोज देवानको जाहेरीले** | **भारत बिहार जिल्ला मोतिहारी थाना ढाका वस्ने रामेश्वर** |
| **नेपाल सरकार..........................१** | **मिश्रको छोरा बर्ष ३६ को ओमप्रकाश मिश्र.............१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले गाली गलौज गर्दै हातपात समेत गरी  अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी  अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी  अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गरी  अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामु यादव समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।
६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०३।१२ गते अ.१७:०० बजेको समयमा जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं.३ स्थित सडकमा पार्किङ्गमा राखेको अटोमा प्रतिवादी ओमप्रकाश मिश्रलाई सुतिरहेको अवस्थामा देखि मेरो अटोबाट हट्नुस भन्दा निजले आवेशमा आई बिभिन्न अपशव्द प्रयोग गरी गाली गलौज तथा हातपात समेत गर्दै अभद्र ब्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ओमप्रकाश मिश्रालाई कैद दिन ७ र जरिवाना रु.१००००/- अक्षेरपी दस हजार मात्र  ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ओमप्रकाश मिश्रालाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०३/१२ देखि २०८१/०३/१८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु --१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना १९ गते बुधवार रोज ४/ ने.सं. ११४४ तछलागा द्वादशी, शुभम् ........